त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति: २०८१।०७।०४

## बि.ई./बि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुन: आवेदन (दोस्रो चरण) सम्बन्धि सूचना ।

शैक्षिक वर्ष २०८१/०८२ मा यस क्याम्पसको B.E./B.Arch. तहका केही कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहन गएकोले ती स्थानहरुमा भर्ना हुन चाहने आवेदकहरुले प्राथमिकता सहितको पुन: आवेदन फाराम भर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुन: आवदेन २०८१ कार्तिक ०६ गते बिहान १०:०० बजे देखि २०८१ कार्तिक ०७ गते अपरान्ह ३:०० बजे सम्म यस क्याम्पसको भर्नाको Web site: pcampus.edu.np मा उपलब्ध Online आवेदन फाराम भरी गर्न सकिनेछ ।
- फाराम भर्दा प्रति विषय रु.५००।- का दरले शुल्क लाग्नेछ । कुनै पनि विषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुबै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई विषय मानिनेछ ।
- आवेदकले आफूले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै दाखिला गर्नु पर्नेछ । आवेदन शुल्क भुक्तानि गर्दा निम्न विधि अनुसार गर्न सकिनेछ ।
  - उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड पाटनढोका शाखामा रहेको यस क्याम्पसको खातामा जम्मा गरी प्राप्त भएको भौचर लिनुपर्नेछ । बैंक भाउचर भर्दा २०८१/०५/२६ मा प्रकाशित सुचनामा सलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ । जस्तै: कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2081-16026 भएमा बैंक भाउचरमा Roll No. लेख्दा 16026 मात्र लेख्नु पर्नेछ ।
  - उल्लेखित शुल्क विभिन्न eWallet सेवा प्रदायक (जस्तै: eSewa, Khalti, ConnectIPS, सिद्धार्थ बैंक लिमिटेडको Bank Smart) मार्फत पनि गर्न सकिनेछ । यस विधिबाट भुक्तानि गर्दा आवेदकको पुरा नाम, साल बाहेकको IOE Entrance Exam को Roll No.(जस्तै: कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2081-16026 भएमा Roll No. लेख्दा 16026 मात्र लेख्नु पर्नेछ) र आवश्यक रकम राखि गर्नुपर्ने छ ।
- आर्किटेक्चर कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुका लागि उपरोक्त शुल्कमा झुकाव परीक्षा (Aptitude Test) बापत थप रु. ५००।- लाग्नेछ ।
- इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षा २०८१ मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरुले पुन: आवेदन दिन सक्नेछन् ।

  क) यस क्याम्पसमा फाराम भर्न छुट भएकाहरु ।

  ख) यस क्याम्पसमा भर्ना हुन यस अघि Online फाराम भरि नाम प्रकाशित नभएकाहरु ।

  ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु ।

  घ) कुनै पनि कार्यक्रममा भर्ना भइसकेका र प्राथमिकता परिवर्तन गर्न चाहनेहरु ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

➢ हाल रिक्त सिट संख्या

| सि.नं. | कार्यक्रम | खुल्ला | महिला | रिक्त सिट संख्या |
|---|---|---|---|---|
| १. | Civil Engineering Regular (1) | १ | - | १ |
| २. | Civil Engineering Full Fee (2) | ६ | - | ६ |
| ३. | Electrical Engineering Regular (5) | १ | - | १ |
| ४. | Electrical Engineering Full Fee (6) | ९ | - | ९ |
| ५. | Electronics... Engineering Full Fee (8) | ३ | १ | ४ |
| ६. | Mechanical Engineering Full Fee (10) | ३ | - | ३ |
| ७. | Computer Engineering Full Fee (12) | १ | - | १ |
| ८. | Aerospace Engineering Regular (27) | १ | - | १ |
| ९. | Aerospace Engineering Full Fee (28) | ६ | - | ६ |
| १०. | Chemical Engineering Regular (29) | १ | - | १ |
| ११. | Chemical Engineering Full Fee (30) | ६ | - | ६ |
| | Total | ३८ | १ | ३९ |

**हाल सम्म उपरोक्त बमोजिम रिक्त स्थान भएतापनि सूची प्रकाशन पूर्व भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरि सूची प्रकाशन गरिनेछ।**

➢ भर्ना भइसकेका आवेदकहरुले समेत अर्को कार्यक्रमका लागि आवेदन दिन सक्ने भएकोले कुनै कार्यक्रममा भर्ना भइसकेका आवेदकको नाम नयाँ रिक्त स्थानमा प्रकाशित भएमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन सक्नेछ। **तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ।**

➢ उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार चौथो सूची प्रकाशन गरी भर्ना गरिनेछ र त्यसपछि समेत स्थान रिक्त रहन गएमा क्रमशः पाँचौं तथा छैठौं सूची प्रकाशन गरिनेछ।

**भर्ना कार्यक्रम निम्न अनुसार कायम गरिएको छ।**

| कार्यक्रम | मिति र समय |
|---|---|
| १. भर्नाका लागि आवेदन फाराम (Online Application Form) भर्ने | २०८१ कार्तिक ०६ गते विहान १०:०० बजे देखि २०८१ कार्तिक ०७ गते अपरान्ह ३:०० बजेसम्म |
| २. आवेदकहरुको नामावली प्रकाशन | २०८१ कार्तिक ०८ गते विहान १०:०० बजे |
| ३. प्राथमिकतामा थपघट वा संशोधन | २०८१ कार्तिक ०८ गते विहान १०:०० बजे देखि २:०० बजेसम्म |
| ४. आवेदकहरुको अन्तिम नामावली प्रकाशन | २०८१ कार्तिक ०८ गते साँझ ५:०० बजे |
| ५. आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | २०८१ कार्तिक ०९ गते विहान ११:०० बजे |
| ६. आर्किटेक्चर झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | २०८१ कार्तिक ०९ गते साँझ ५:०० बजे |
| ७. चौथो सूची प्रकाशन | २०८१ कार्तिक ११ गते विहान १०:०० बजे |
| ८. चौथो सूची उपर दावि विरोध | २०८१ कार्तिक ११ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| ९. संशोधित चौथो सूची प्रकाशन | २०८१ कार्तिक ११ गते साँझ ५:०० बजे |

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

| | |
|---|---|
| १०. चौथो सूचीको भर्ना | २०८१ कार्तिक १२ गते विहान ११:०० बजदेखि अपरान्ह ३:०० बजेसम्म |
| ११. पाँचौ सूची प्रकाशन | २०८१ कार्तिक १३ गते विहान १०:०० बजे |
| १२. पाँचौ सूची उपर दावि विरोध | २०८१ कार्तिक १३ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| १३. संशोधित पाँचौ सूची प्रकाशन | २०८१ कार्तिक १३ गते साँझ ५:०० बजे |
| १४. पाँचौ सूचीको भर्ना | २०८१ कार्तिक १४ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| १५. छैठौं सूची प्रकाशन | २०८१ कार्तिक २१ गते विहान १०:०० बजे |
| १६. छैठौं सूची उपर दावि विरोध | २०८१ कार्तिक २१ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| १७. संशोधित छैठौं सूची प्रकाशन | २०८१ कार्तिक २१ गते साँझ ५:०० बजे |
| १८. छैठौं सूचीको भर्ना | २०८१ कार्तिक २३ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| १९. रिक्त सिटहरुको लागि सूचना प्रकाशन | २०८१ कार्तिक २५ गते |

- आर्किटेक्चर कार्यक्रमका लागि यस अघि लिइएको झुकाव परीक्षामा (Aptitude Test) मा उत्तीर्ण भएका आवेदकहरु झुकाव परीक्षा (Aptitude Test) मा पुनः सम्मिलित हुनु पर्ने छैन ।
- उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

अध्यक्ष
भर्ना समिति २०८१